श्री काठमाडौं जिल्ला अदालत

फोननं४४२२३९३२

बबरमहल काठमाण्डौ

जिन्सि शाखा

मिती:-२०७७/०४/०६

दशिको कपडाजन्य सामाहरू लिलामको सुचना

सुचना प्रकाशन मिती २०७७/०४/०७

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशिको रूपमा प्राप्त हुन आएका जिन्सिमा आम्दानि बाँधिएका कपडाजन्य सामाहरू मुल्यांकन सुचिमा उल्लेखित न्युमतम् मुल्य रू.१९,४१,२४५/- कायम गरि जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिमका निकायहरूमा सुचना जारीगरि शिलबन्दि बोलपत्रद्वारा लिलाम बिक्रि गर्ने गरि मिती २०७६/१०/२९ मा भएको निर्णय बमोजिम ईच्छुक व्यक्ति,संस्था वा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही शिलबन्दि वोलपत्रको माध्यमद्धारा लिलाम बिक्रि गर्ने व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.वोलपत्रद्धारा लिलामबिक्रि गरिने मिती समय र स्थान:-२०७७/०४/२३ गते दिउसो १.०० बजे देखि ३.०० बजेसम्म यस अदालतको जिन्सि शाखा।

२. वोलपत्रमा सहभागि हुने व्यक्ति,संस्था वा फर्मले मिती २०७७/०४/२२ गते १२.०० बजेसम्म व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको आधिकारिक व्यक्तिबाट शिलबन्दि वोलपत्र फारम दस्तुर रू.२,०००/- तिरी वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

३. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिती २०७७/०४/२३ गते १ बजेदेखि ३ बजेसम्म सम्पन्न हुने वोलपत्र बढाबढमा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति,संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई बोलपत्रमा सहभागि गराईने छैन ।उक्त दिन कुनै बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन सोहि मिती समयमा शिलवन्दि वोलपत्रद्धारा लिलाममा चढेका कपडाजन्य सामानहरू लिलाम बिक्रि गरिनेछ ।

४. वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा एकजना व्यक्ति , संस्था वा फर्म मात्र उपस्थित भए वोलपत्र बढाबढद्धारा मुल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति, संस्था वा फर्म उपस्थित भएमा उपस्थित व्यक्ति,संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने पक्ष बिच वोलपत्र बढाबढ प्रकृयामा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थालाई उक्त सम्पुर्ण कपडाजन्य सामान लिन मन्जुर गर्ने पक्षलाई वोलपत्रद्धारा बिक्रि गरिनेछ ।सो प्रकृया एकमुष्ट रूपमा उक्त लिलाममा चढेका सम्पुर्ण सामान लिन ईच्छुक व्यक्ति संस्था वा फर्मलाई वोलपत्रद्धारा लिलाम बिक्रि गरिनेछ ।

५.वोलपत्रमा आफुले कवुल गरेको रकमको १० प्रतिशतले हुने रकम सोहि दिन नगदै धरौट राखु पर्नेछ ।वोलपत्रमा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति,संस्था वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार फिर्ता गरिनेछ ।

६. वोलपत्रमा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थाले ७ दिनभित्र आफुले कवुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धिकर र बाँकी रकम समेत बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र बाँकि रुपैंया नबुझाएमा वोलपत्रको समयमा पेश भएको १० प्रतिशत रकम जफत हुनेछ ।

७. लिलाममा चढेको सम्पुर्ण कपडाजन्य सामानहरू तोकिएको न्युनतम् मुल्य वा सो भन्दा बढिमा लिन मन्जुर गर्ने पक्षलाई लिलाम गरिने हुँदा सो को लाग्ने रकम एकमुष्ट कवुल गर्नु पर्नेछ ।

८. लिलाम गरिने सामानहरू हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि कार्यालय समयमा हेर्न सकिनेछ ।

९. एउटाको नाममा दर्ता हुन आएको निवेदनपत्र अन्यले प्रयोग गर्न पाउने छैन ।निवेदनपत्र दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

१०. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।लिलाम हुने सम्पुर्ण कपडाजन्य सामानहरूको न्युनतम् एकमुष्ट मुल्य रू. १९,४१,२४५/- (उन्नाईसलाख एकचालिस हजार दुईसय पैंतालिस रूपैंया) रहेको छ ।

३. उपरोक्त बमोजिम मुल्यांकन गरिएका कुनै पनि एक मुद्दामा उल्लेखित सम्पुर्ण सामानहरू एक जना व्यक्ति संस्था वा निकायले नै उठाउनु पर्ने र सम्पुर्ण लिलाममा चढेका सामानहरूको एकै पटक लिलामको सुचना जारी गर्ने ।

देहाय

१.राम प्रसाद रेग्मिको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी झिल्केमान रूम्वा समेत भएको राजश्व चुहावट(०७४-Cr-१५३४)मुद्दामा दशिको रुपमा पेश हुन आई जिन्सि नं.८५०६ मा आम्दानि बाँधिएको सामानः-

क.लेडिज चप्पल १८ जोर को प्रतिजोर रू.१५० को दरले जम्मा रू.२७००/-
क. सिल्क सारी १४३ पिस को प्रति पिस रू.७५०/-को दरले जम्मा रू.१,०७,२५०/-
ख.सिफन सारी ६९ पिस को प्रति पिस रू.७५०/-को दरले जम्मा रू.५१,७५०/-
ग.कुर्ता सलवार ६० पिस को प्रति पिस रू.३००/-को दरले जम्मा रू.१८,०००/-
घ.लेडिज टप्स २९८८ पिस को प्रति पिस रू.२००/-को दरले जम्मा रू.५,९७,६००/-
ङ.जेन्स सर्ट २१० पिस को प्रति पिस रू.१९०/-को दरले जम्मा रू३९,९००/-
च.वनारसी सारी ६२ पिस को प्रति पिस रू.१५००/-को दरले जम्मा रू.९३,०००/-

प्रस्तुत मुद्दाको सम्पुर्ण सामानको जम्मा मुल्य रू.९,१०,२००/-(अक्षरेपि नौ लाख दश हजार दुईसय)

२.राम प्रसाद रेग्मिको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी राम बहादुर ठोकर समेत भएको राजश्व चुहावट(०७४-Cr-१६६७) मुद्दामा दशिको रुपमा पेश हुन आई जिन्सि नं.८५५७ मा आम्दानि बाँधिएको सामानः-

क.सिंगल सुट(टप्स) थान२०१६ को प्रतिथान रू.२००/-को दरले जम्मा रू.४,०३,२००/-
ख.डवलसुट (कुर्ता सलवार)थान २८८ को प्रतिथान रू.३२५/- को दरले जम्मा रू.९३,६००/-
ग.दुपट्टा(सल) थान ३०६ को प्रतिथान रू.१००/- को दरले जम्मा रू.३०,६००/-
घ.व्लाउज थान १८० को प्रतिथान रू.१५०/- को दरले जम्मा रू.२७,०००/-
ङ.लेहङ्गा थान ३६ को प्रतिथान रू.७००/- को दरले जम्मा रू.२५,०००/-..
च.सारी थान ३६ को प्रतिथान रू.३००/- को दरले जम्मा रू.१०,८००/-
छ.वेल्ट थान १३२ को प्रतिथान रू.१००/- को दरले जम्मा रू.१३,२००/-
ज.पर्स थान ५३ को प्रतिथान रू.५०/- को दरले जम्मा रू.२६५०/-

प्रस्तुत मुद्दाको सम्पुर्ण सामानको जम्मा मुल्य रू.६,०६,०५०/-(अक्षरेपि छ लाख छ हजार पचास रूपैंया)

३. नि. राम प्रसाद रेग्मिको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी छविलाल अगस्ति समेत भएको राजश्व चुहावट(०७५-Cr-०१७१) मुद्दामा दशिको रुपमा पेश हुन आई जिन्सि नं.८८७० मा आम्दानि बाँधिएको सामानः-

क.सर्टिङ्ग कपडा ४३१९ मिटर प्रतिमिटर रू.६०/- को दरले जम्मा रू.२,५९,१४०/-(अक्षरेपि दुईलाख उनान्साठि हजार एकसय चालिस रूपैंया)

४. प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी महेन्द्र प्रसाद गुप्ता समेत भएको राजश्व चुहावट(०७५-Cr-००६९) मुद्दामा दशिको रुपमा पेश हुन आई जिन्सि नं.९५२० मा आम्दानि बाँधिएको सामानः-

क. नेट ईम्व्रोईडरी कपडा ११५/७ मिटर प्रतिमिटर रू.१५०/- को दरले जम्मा रू.१७,३५५/-

ख.ब्रोकेट (तास) कपडा २२२ मिटर प्रतिमिटर रू.१५०/- को दरले जम्मा रू.३३,३००/-

ग.साडी ईम्वेडरी ४० पिस प्रतिपिस रू.१०००/- को दरले जम्मा रू.४०,०००/-

घ.कुर्तासलवार ४९ पिस प्रतिपिस रू.३००/- को दरले जम्मा रू.१४,७००/-

ङ.लेहङ्गा १२ पिस प्रतिपिस रु.७००/- को दरले जम्मा रू.८४००/-

च.सुति रूविया ६९ मिटर प्रतिमिटर रू.५०/- को दरले जम्मा रू.३४५०/-

छ.सिल्क प्लेन कपडा ६० मिटर प्रतिमिटर रू.१००/- को दरले जम्मा रू.६,०००/-

ज.अन्य रेशा साडी २४ पिस प्रतिपिस रू.२५०/- को दरले जम्मा रू.६,०००/-

झ.वनारसि साडि ६ पिस प्रतिपिस रू.१५००/- को दरले जम्मा रू.९,०००/-

ञ.लेडिज टप्स ८५ पिस प्रतिपिस रू.१५०/- को दरले जम्मा रू.१२,७५०/-

ट.सुति ईम्वोडरी कपडा ३१/१ मिटर प्रतिमिटर रू.२००/- को दरले जम्मा रू.६२००/-

ठ.सुति प्रिन्ट कपडा ३७ मिटर प्रतिमिटर रू.७५/-को दरले जम्मा रू.२७७५/-

ड.टाटन कपडा ३९/५ मिटर प्रतिमिटर रू.१५०/- को दरले जम्मा रू.५९२५/-.

प्रस्तुत मुद्दाको सम्पुर्ण सामानको जम्मा मुल्य रू.१,६५,८५५/-(अक्षरेपि एकलाख पैंसठ्ठि हजार आठसय पचपन्न रूपैंया)

उपरोक्त सम्पुर्ण(**०७४-Cr-१५३४,०७४-Cr-१६६७,०७५-Cr-०१७१,०७५-Cr-००६९**) **समेत थान-४ मुद्दाको सम्पुर्ण सामानहरूको जम्मा मुल्यः-१९,४१,२४५/-(अक्षरेपि उन्नाईस लाख एकचालिस हजार दुईसय पैंतालिस रूपैंया)**